**बैठक नं. ३७**

**आज मिति २०८० भाद्र १७ गते, आइतबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :**

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप–प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री विजय कुमार शर्मा

विषयहरु :

१. २०८० भदौ १८,१९ र २० गते पोखरामा हुने बाघ जात्रामा भक्तपुरको तर्फबाट घिन्ताङ्घिसी टोली सहभागिताको लागि पठाउने सम्बन्धमा ।

२. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

३. विविध ।

निर्णयहरु :-

१. बाघ जात्रा आयोजक समिति, पोखराको तर्फबाट भक्तपुरको प्रख्यात घिन्ताङघिसी पोखरामा हुने बाघ जात्राको अवसरमा प्रदर्शन गरी दिन यस नगरपालिकाको नाउंमा अनुरोध भई आएकोमा यही मिति २०८० भदौ १८,१९ र २० गते पोखरामा हुने बाघ जात्रामा सहभागी हुन यस नगरपालिकाका उपप्रमुख श्री रजनी जोशीज्यूको नेतृत्वमा वडाअध्यक्षहरु श्री राजकृष्ण गोरा, भ.न.पा.३, श्री योगेन्द्रमान बिजुक्छें, भ.न.पा. ५, कार्यपालिका सदस्यहरु श्री छोरी मैया सुजखु र श्री सुनिता अवाल तथा सहायक निर्देशक श्री दिपेन्द्र प्रजापतिको टोली र भक्तपुर नगरपालिका वडा नं. ३ को घट्खा दाफा भजन समूहको करिब ५० जनाको घिन्ताङ्घिसी टोली सहभागिताको लागि पठाउने निर्णय गरियो । कार्यक्रमको लागि रु. ४ लाख पेश्की उपनिर्देशक श्री दिपेन्द्र प्रजापतिलाई दिने निर्णय गरियो ।

२. भक्तपुरको कला, साहित्य, संस्कृति, शिक्षा, स्वास्थ्य लगायतका विषयहरु आधारित ५ मिनेटसम्मको लघु वृत्तचित्र निर्माण सम्बन्धी खुल्ला प्रतियोगिता आयोजना गर्ने र सोको लागि आवश्यक विज्ञापन प्रकाशन गर्ने र उक्त प्रतियोगितामा उत्कृष्ट टोली/व्यक्ति/प्रतियोगीलाई देहाय बमोजिमको पुरस्कारको व्यवस्था गर्ने निर्णय गरियो :

प्रथम पुरस्कार : रु. २५,०००।- (कर बाहेक)
द्बितीय पुस्कार : रु.२०,०००।- (कर बाहेक)
तृतीय पुस्कार : रु.१५,०००।- (कर बाहेक)
सान्त्वना पुस्कार : रु.१०,०००।- (कर बाहेक)

३. भक्तपुर नगरपालिकाको सम्पदा र संस्कृति झल्कने गरी फोटोहरुको संग्रह गरी पिक्टोरियल बुक (सचित्र पुस्तक) प्रकाशित गर्ने निर्णय गरियो ।

४. यस नगरपालिकाको देहायका विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :

**क. शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति :**

**मिति : २०८०।५।११ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :**

१. **भक्तपुर नगरपालिकाले उच्च शिक्षा हासिल गर्न चाहने/अध्ययनरत नगरवासी विद्यार्थीहरुलाई शैक्षिक ऋण प्रदान गर्दै आएकोमा चालू आ.व. २०८०/०८१ को लागि शैक्षिक ऋण प्रदान गर्ने विषयको सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।**

२. **भक्तपुर नगरपालिकाद्वारा आयोजित भक्तपुर नगरव्यापी प्रगतिशील भजन प्रतियोगितामा सहभागी जनाएका भजन गीतहरुको संग्रह २००० प्रति प्रकाशित गर्ने र पुस्तकको मूल्य प्रति पुस्तक रु.१००।- निर्धारण गर्ने निर्णय गरियो ।**

**ख. युवा तथा खेलकुद समिति**

**मिति २०८०।५।६ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :**

१. **भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८० मंसिर ३० गतेदेखि पौष ७ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने निर्णय गरियो ।**

२. **भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयका खेलकुद प्रशिक्षकहरुलाई मिति २०८० कार्तिक १७ देखि २४ गतेसम्म प्रशिक्षक प्रशिक्षण तालिम संचालन गर्ने निर्णय गरियो ।**

३. **भक्तपुर नगरपालिकाद्वारा संचालित विभिन्न खेलकुद प्रशिक्षणका प्रशिक्षक र प्रशिक्षार्थीहरुको भेला निम्न मिति, समय र स्थानमा गर्ने निर्णय गरियो :-**

**मिति : २०८० भाद्र २२ गते, शुक्रबार**

**समय : विहान ७:०० बजे**

**स्थान : भनपा सभा कक्ष**

**५. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

**क. यस नगरपालिका र नगर विकास कोषबीच मिति २०७९।१२।२ गते भएको सम्झौताको बुंदा नं. २,१ मा देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनाको ब्लक नं. १५(क), १५(ख) र १५(ग) आयोजना निर्माणको लागि**

ऋण रकम खर्च गर्न सक्ने बुंदामा आयोजनाको समग्र क्षेत्रमा ऋण रकम खर्च गर्न सकिने व्यवस्थाको लागि अन्य ब्लकहरु १५(ङ, च, ज), १० (क) र ५(क) समेत थप गर्न नगर विकास कोषमा आवश्यक पत्राचार गर्ने निर्णय गरियो ।

ख. यस नगरपालिकाद्वारा संचालित देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनाका आयोजना प्रमुख श्री ओम हरि था स्वास्थ्यको कारण एक महिना बिदा स्वीकृत गराई बिदामा बसेको हुंदा निजको ठाउंमा निमित्त आयोजना प्रमुखको रुपमा ई. श्री दया प्रसाद न्याईच्याईलाई जिम्मा दिएकोमा उक्त आयोजनाको बैंक खाता संचालनको लागि निजको हस्ताक्षरबाट अर्को व्यवस्था नभएसम्मको लागि बैंक खाता संचालन गर्ने निर्णय गरियो ।

ग. भ.न.पा.वडा नं. १ स्थित ऐतिहासिक महत्व बोकेको सिद्धपोखरीको पर्खाल भासिएको हुनाले आ.व. २०८०/०८१ अन्तर्गतको मर्मत बजेटबाट सिद्ध पोखरीको उत्तरपूर्वी पर्खाल मर्मत कार्य शीर्षकमा ल.ई. रकम रु.७०,३५५।०७ स्वीकृति गर्ने निर्णय गरियो ।

घ. यस नपाद्वारा संचालित क्लोरिन छर्ने मेशिन आवश्यक मर्मत गरे वापत रु.१२२६।- टि.एस.काली एण्ड सप्लायर्सलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. नपाको B AC ९०७२ नं. को गाडी मर्मत गरे वापत रु. ५३,५०५।५० स्पार्क अटो केयर प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

च. नपामा विभिन्न समयमा जलपान उपलब्ध गराए वापत दिव्य स्विट्सलाई रु. ६८,४१०।- भुक्तानी दिने निर्णय गरियो ।

छ. नपामा विभिन्न समयमा जलपान उपलब्ध गराए वापत भ्वःछे नेवारी खाजा घरलाई रु.११,८७०।- भुक्तानी दिने निर्णय गरियो ।

ज. भ.न.पा. वडा नं. १ स्थित सिद्धपोखरीको उत्तर पूर्वी पर्खाल मर्मत कार्य गर्न ल.ई. रु.७०,३५५।०५ स्वीकृत गरी मर्मत कार्य गर्ने निर्णय गरियो ।

१. भक्तपुर नगरपालिकाद्वारा वार्षिक रुपमा प्रकाशित गर्दै आएको 'भक्तपुर नगरपालिका डायरी–२०८०' यो वर्ष ३००० प्रति प्रकाशन गराए वापत प्रकाशक श्वेत भैरव अपसेट प्रेसलाई प्रति थान रु.१७५।– (भ्याट बाहेक) का दरले रकम भुक्तानी गर्ने निर्णय गरियो ।